# अर्जुनधारा नगरपालिका
# **नगर कार्यपालिकाको कार्यालय**
प्रदेश नं १, शनिश्चरे, झापा

अर्जुनधारा यस नगरपालिका क्षेत्रको विरिङ्ग नदी प्रणाली अन्तर्गत सुखानी राते गोयाङ्ग लगायतका स्थानहरुमा नगरपालिका स्वयंले नदीजन्य पदार्थ विकास निर्माणमा प्रयोग गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य गर्ने बारे सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०१

अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रदेश नं १, झापा द्धारा यस नगरपालिका क्षेत्र अन्तर्गतको सुखानी, राते, गोयाङ्ग लगायतका स्थानमा देहाय अनुसारको वडामा पर्ने क्षेत्रहरुबाट दुंगा, गिट्टी, वालुवा र भरौट संकलन गर्ने कार्यलाई ब्यवस्थीत गर्न र नगरपालिका स्वयंले नदीजन्य पदार्थ विकास निर्माणमा प्रयोग गर्नको लागि वातावरण संरक्षण ऐन २०७६ तथा वातवरण संरक्षण नियमावली २०७७ को नियम ७ अनुसार सेवाप्रदायक वातावरण तथा प्राविधक परामर्श नेपालबाट प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन गर्न लागिएको छ । प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने क्रममा नियम ७ को उपनियम (२) बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको वडा कार्यालय तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सुचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपव्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | स्थानको नाम | वडा नं. |
|---|---|---|
| | सुखानी | ३ |
| | राते | २ |
| | गोयाङ्ग | २ |

**राय सुझाव पठाउने ठेगानाः**

अर्जुनधारा नगरपालिका
प्रदेश नं १, शचिश्चरे, झापा
फोन नं. ०२३-४५६५०२
इमेलः arjundharamun@gmail.com